## निर्णयहरू

**निर्णय नं. १**

मेलम्ची नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्यालज्यूको इटालीमा सन् २०१८ जुन १८ देखि २०१८ जुलाई ३ गतेसम्म हुने वैदेशिक भ्रमण स्वीकृत गर्ने र उक्त भ्रमणमा लाग्ने आवश्यक खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २**

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित श्री ईन्द्रेश्वरी माध्यामिक विद्यालयले प्राविधिक संकाय तर्फ सिभिल इन्जिनियरिङ्ग विषयको कक्षा ११ संचालन अनुमतिका लागि च.नं. १८६ मिति २०७४।१२।४ को पत्रबाट सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, शिक्षा विभाग (प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा) को च.नं. १४ मिति २०७३।१।१६ को पत्रबाट प्राप्त भएको कक्षा ९ को प्राविधिक विषय संचालन अनुमित पत्र समेत संलग्न राखी यस कार्यालयमा निवेदन दिनु भएको हुँदा उक्त विषयको कक्षा संचालन अनुमतिका सम्बन्धमा सामाजिक विकास समितिबाट समेत सिफारिस भई आएको हुँदा उक्त विद्यालयमा प्राविधिक संकाय तर्फ (सिभिल इन्जिनियरिङ्ग) को कक्षा ११ संचालन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ३**

सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजनाको मिति २०७५।२।२७ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. १२ स्थित गिरान्चौरमा निर्माणाधिन अवस्थामा रहेको एकिकृत बस्तीको शाखा सडकमा ग्राभेल बिछ्याउनको लागि बजेट माग भएको र नक्शा पास गर्न लाग्ने राजस्व छुटको लागि निवेदन पेश भएको हुँदा उक्त बस्तीको शाखा सडकमा ग्राभेल बिछ्याउन लाग्ने लागत इष्टिमेट तयार गरी पेश गर्न पूर्वाधार विकास शाखालाई र ५०% नक्शा पास दस्तुर छुट दिने सम्बन्धमा एकिन गरी नगर सभामा प्रस्ताव पेश गर्न भवन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४**

स्वच्छ व्यवसायी समूह, नेपालको मिति २०७५।२।१७ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ५ स्थित सिन्धुकोटमा रहेको छाला प्रशोधन सम्बन्धी व्यवसायमा छाला तास्ने मेशिन तथा औजारहरू सहयोग गर्ने कार्यक्रम संचालनको लागि अनुमति माग भएको हुँदा यस कार्यालयको प्रत्यक्ष समन्वयमा रही उक्त कार्यक्रम संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ५**

मेलम्ची नगरपालिका अन्तर्गत कृषि शाखाको नवनिर्मित भवनमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वित्तिय समानिकरण तर्फ विनियोजन भएको अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रू. ५८०६५।०५ को खानेपानी पाइप खरिद गरी उक्त भवनमा खानेपानी व्यवस्थापन गरिएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी खर्च खर्च स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मेलम्ची नगरपालिका वडा नं. ८ स्थित श्री लाभगाउँ आधारभूत विद्यालयको अस्थाई सिकाई केन्द्र निर्माणको लागि आ.व. २०७४/७५ मा सम्बन्धित वडा कार्यालयबाट रू. १,००,०००।- बजेट विनियोजन भएकोमा उक्त वडामा निर्माण गरिएको अस्थाई सिकाई केन्द्र निर्माण पश्चात मिति २०७४ फाल्गुण २९ गतेको हावाहुरीले उडाएको र हाल उक्त विद्यालय भाडामा संचालन भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी अस्थाई सिकाई केन्द्र निर्माण शिर्षक घर भाडा शिर्षकमा संशोधन गरी सम्झौता अनुसार रू. १,००,०००।- घरभाडा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

मेलम्ची नगरपालिकाको वडा नं. ११ बाट आ.व. २०७४/७५ मा शहरी स्वासथ्य केन्द्र, कटुञ्जे भवन निर्माणको लागि रू. २,००,०००।- बजेट निनियोजन भएकोमा उक्त बजेट शिर्षकलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी मेलम्ची-कटुञ्जे-धुसेनीचौर-पाटीभञ्ज्याङ्ग पर्यटन सडक शिर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने कानुनी ब्यवस्था भएकोले कानून बमोजिम न्यूनतम दररेट तयार गरी मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को नगर सभामा पेश गर्न निम्न बमोजिमको समितिलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

(१) वडा अध्यक्ष श्री कृष्ण प्रसाद चौलागाई- संयोजक

(२) लेखा अधिकृत श्री ध्यानविर राई - सदस्य

(३) ई. श्री राजेश कुमार शर्मा - सदस्य

(४) का.पा. सदस्य श्री कूल बहादुर दमाई - सदस्य

(५) का.पा. सदस्य श्री कल्पना पहरी - सदस्य

**निर्णय नं ९**

मेलम्ची नगरपालिकाको आ.व. २०७४/७५ को वार्षिक प्रगती प्रतिवेदन तयार गरी २०७५ श्रावण महिान भित्र पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

(१) वडा अध्यक्ष श्री भक्त बहादुर खड्का - संयोजक

(२) शाखा अधिकृत श्री माधब प्रसाद अधिकारी - सदस्य

(३) ई. श्री राजेश कुमार शर्मा - सदस्य

(४) ना.सु. श्री राजेन्द्र दुलाल - सदस्य

(५) क.अ. श्री जयराम घोरासैनी - सदस्य

**निर्णय नं १०**

मेलम्ची नगरपालिका वडा नं. ५ स्थित तल्लो घ्याङ क्याङसाम टोल खानेपानी योजना निर्माणको लागि रू. ९७,०००।- (अक्षरूपी सन्तानब्बे हजार रूपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

मलम्ची नगरपालिकाबाट निर्माण गरी विद्यायन समितिबाट सिफारिस भई आएका तपलिशल बमोजिमका ऐनहरू यस वैठकमा समेत छलफल गरी पारितका लागि आ.व. २०७५/७६ को नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

(१) सहकारी ऐन, २०७५

(२) मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

**निर्णय नं १२**

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७५ को नीति तथा कार्यक्रम आजको वैठकमा पेश भई छलफल समेत भएको हुँदा उक्त नीति तथा कार्यक्रम स्वीकृत गरी मिति २०७५ आषाढ ३ गते हुने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २६ मिति २०७४।९।१४ को पत्रबाट नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय माननीय राज्यमन्त्री स्तरको मिति २०७४ पौष १३ गतेको निर्णयानुसार मिति २०७४ पौष १७ देखि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत संचालित सामाजिक परिचालन कार्यक्रम समाप्त भएको जानकारी प्राप्त भएको छ । मन्त्रालयको च.नं. ४० मिति २०७४।१२।१३ को पत्रबाट विगत्मा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरूको सेवालाई २०७५ आषाढ मसान्तसम्म करारमा कामकाज लगाउन सक्ने भनि पुनः पत्राचार भएको हुँदा यस मेलम्ची नगरपालिका अन्तर्गत कार्यरत सामाजिक परिचालकहरू सेवा अवधि समाप्त पछि पनि निरन्तर रूपमा तोकिएको वडा कार्यालयमा कामकाज गर्दै आइरहेको भनि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले सिफारिस भएका सामाजिक परिचालकहरूलाई मेलम्ची नगरपालिकाबाट २०७४ पौष १७ देखि २०७४ चैत्र १५ सम्म मासिक निर्वाह खर्च रू. १२,०००।- का दरले उपलब्ध गराउँने र २०७४ चैत्र १६ देखि २०७५ आषाढ मासान्त सम्म स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट बजेट निकासा भई आए पश्चात उक्त निर्वाह खर्च उपलब्ध गराउने गरी २०७५ आषाढ मसान्तसम्मका लागि मात्र कार्यरत सामाजिक परिचालकहरूलाई निरन्तरता दिने निर्णय गरियो ।